Rupantaran : A Multidisciplinary Journal
Vol. VII : pp 111-119, February, 2023
ISSN (Print) : 2091-0061, ISSN (Electronic) : 2738-9960
https://doi.org/10.3126/rupantaran.v7i1.52315
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# शिक्षकको पेसागत विकासमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायको भूमिका

*भागीरथा न्यौपाने*[1]
*Email: bhagiratha.neupane@sac.tu.edu.np*

## सार

*नेपालमा सबैभन्दा धेरै शिक्षक शिक्षा प्रदान गर्ने संस्था त्रिभुवन विश्वविद्यालय हो । त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र सङ्कायले आङ्गिक तथा सम्बन्धन प्राप्त विभिन्न क्याम्पसहरू मार्फत तालिम प्राप्त शिक्षक उत्पादन गर्दछ । यो लेखमा शिक्षकको पेसागत विकासमा त्रिविको शिक्षाशास्त्र सङ्कायले खेलेको भूमिका र त्यहाँ देखिएका केही कमीकमजोरीको चर्चा गर्ने उद्देश्य राखिएको छ । यस लेखमा द्वितीय स्रोत सामग्रीलाई आधार मानेर अनुसन्धानकर्ताको अनुभव, अनुभूति र स्व विम्बनलाई पनि समेट्दै यस सङ्कायको भूमिकालाई समीक्षात्मक रूपमा प्रस्तुत गरिएको छ । त्रिवि शि.स.ले विभिन्न शैक्षिक कार्यक्रम मार्फत शिक्षणलाई प्रभावकारी बनाउने उद्देश्यले प्रयोगात्मक कक्षा सञ्चालन गर्ने, नविन विधि र शैलीबाट अध्ययन अध्यापनलाई प्रभावकारी बनाउने तथा अनुसन्धानमूलक कार्यक्रमहरू गराएर शिक्षकको पेसागत विकासमा सहयोग पुर्‍याउने लक्ष्य लिएको देखिन्छ तर अपेक्षित उपलब्धि हासिल गर्न साकिरहेको छैन । कार्यक्रमहरू निर्दिष्ट उद्देश्य अनुरूप सञ्चालन भए-नभएको जानकारी लिन आवश्यक अनुगमन गर्नुपर्ने तथा कार्यक्रमको प्रभावकारिता परीक्षण गर्ने प्रणालीको विकास गर्नुपर्ने देखिन्छ । यसैगरी अनुसन्धानात्मक लेख/रचना प्रकाशन कार्यलाई नियमित र व्यवस्थित बनाउँदा प्रभावकारिता बढ्छ । यसका साथै प्रत्येक विषयमा आवश्यक जनशक्तिको पूर्वानुमान गरी उपयुक्त मापदण्ड सहित भर्ना लिने र शोध लेखन, अभ्यास शिक्षण लगायतका प्रयोगात्मक कार्यलाई व्यवस्थित गरियो भने शिक्षकको पेसागत विकासमा सहयोग पुग्छ भन्ने यस लेखको निष्कर्ष रहेको छ ।*

***शब्द कुञ्जी:*** *प्रभावकारी शिक्षण, शिक्षक उत्पादन, शिक्षण अभ्यास, शैक्षिक कार्यक्रम, शोधकार्य*

## परिचय

मानव जातिको सृष्टिसँगै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शिक्षाको पनि कुनै न कुनै तवरले विकास हुँदै आएको पाइन्छ । समयको अन्तरालसँगै पूर्वीय र पाश्चात्य शिक्षाको परम्परा फरक -फरक तरिकाले विकास भएको देखिन्छ । पूर्वीय शैक्षिक परम्परा अन्तर्गत नेपालको प्राचीन शिक्षा व्यवस्थालाई अध्ययन गर्दा संस्कृत शिक्षा परम्परा र बौद्ध शिक्षा परम्परा गरी दुई धारबाट विकास भएको देखिन्छ (अधिकारी र पौडेल, २०६७) । संस्कृत शिक्षा परम्परा वैदिक दर्शनबाट प्रभावित भएको छ भने बौद्ध शिक्षा परम्परा बौद्ध दर्शनबाट प्रभावित भई गति प्रदान गरेको पाइन्छ । ती दुई दर्शनमा टेकेर विकास हुँदै आएको नेपालको शिक्षा विभिन्न धार्मिक संस्थाहरू, गुठी आदिका माध्यमबाट लिच्छविकाल, मल्लकाल हुँदै राणाकालसम्म आइपुगेको पाइन्छ । राणाकालीन शिक्षा भन्दा पहिले नेपालमा अनौपचारिक रूपमा मात्र शिक्ष दिने परम्परा थियो भने औपचारिक शिक्षको थालनी राणाकालबाट नै भएको हो ।

नेपालको सन्दर्भमा नेपाली भाषाशिक्षणको परम्परा देवशमसेरको पालाबाट भएको मानिन्छ । वि. सं. १९५८ मा देवशमसेरले खोलेका भाषापाठशालाहरूबाट नेपालमा औपचारिक रूपमा पठनपाठनको प्रारम्भ भएको हो (ढकाल र खतिवडा, २०६८) । उनले खोलेका भाषापाठशालाहरूमा जयपृथ्वीबहादुर सिंहद्वारा रचना गरिएको *अक्षराङ्क शिक्षा* नामक पुस्तक प्राथमिक कक्षामा अध्यापन गर्ने व्यवस्था मिलाइएको थियो । त्यसपछि शैक्षिक क्षेत्रमा केही उतारचढपहरू हुँदै राणाशासनको अन्त्य भई वि. सं. २००७ मा प्रजातन्त्रको स्थापना भएपछि नेपालको शिक्षाले फड्को मारेको देखिन्छ ।

[1] *लेखक त्रिभुवन विश्वविद्यालय, सानोठिमी क्याम्पस भक्तपुरमा नेपाली शिक्षा विषयको उप-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।*

त्यसपछि नेपालका विद्यालयका सङ्ख्यामा पनि निकै वृद्धि भएको हुनाले वि. सं. २०१३ सालमा शिक्षकको पेसालाई अझ प्रभावकारी बनाउनका लागि घुम्ती शिक्षक तालिम कार्यक्रमको सञ्चालन पनि गरिएको थियो (ढकाल र खतिवडा, २०६८) ।

शैक्षिक विकासको कार्यलाई अगाडि बढाउने क्रममा नेपालको सबैभन्दा धेरै शिक्षक शिक्षा प्रदान गर्ने संस्थाको रूपमा त्रिभुवन विश्वविद्यालय (त्रिवि) को स्थापना वि. सं. २०१६ सालमा भयो (आचार्य, सन् २०२०) । यसको स्थापनापूर्व वि. सं. २०१३ सालमा कलेज अफ एजुकेशनको रूपमा शिक्षाशास्त्र सङ्काय (शि. स.) को स्थापना भएको थियो । त्यहाँका विद्यार्थीहरूलाई प्रयोगात्मक कक्षा सञ्चालन र अभ्यास गर्नका लागि ल्याबोरेटरी स्कुलको स्थापना गरिएको थियो । हाल पनि त्रि. वि. परिसर कीर्तिपुर भित्र नै रहेको यस स्कुलको सञ्चालन भने संस्थागत विद्यालयको रूपमा सञ्चालन भइरहेको छ; जसको शि. स.सँग कुनै सम्बन्ध देखिँदैन ।

कलेज अफ एजुकेशनको रूपमा स्थापना भएको शि. स.अन्तर्गत हाल केन्द्रीय शि. स.विभाग, विभिन्न विषय समिति, एमफिल पिएच्डी एकीकृत कार्यक्रम, आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरू सञ्चालनमा रहेका छन् । शि. स.अन्तर्गत सञ्चालन भएका विभिन्न विषयहरूको आ-आफ्नै केन्द्रीय विषय समितिहरू छन् । विश्वविद्यालयले निर्धारण गरेका योजना र निर्णयअनुसार तिनै विषय समिति मार्फत पाठ्यक्रम परिवर्तन, परिमार्जन गरी कार्यान्वयनमा लैजाने कार्य विषय समितिले गर्दछ । यसैगरी विश्वविद्यालयले एमफिल पिएच्डी एकीकृत कार्यक्रमको माध्यमबाट उच्च स्तरको जनशक्ति उत्पादन गरिरहेको छ । यस विश्वविद्यालयको शि. स.अन्तर्गत स्वास्थ्य शिक्षा विषयमा उत्तर विद्यावारिधि कार्यक्रम पनि सञ्चालनमा आएको छ । हालसम्ममा २६ वटा आङ्गिक र ५६० वटा सम्बन्धन प्राप्त क्याम्पसहरू मार्फत शि. स.ले तालिम प्राप्त शिक्षक उत्पादन गरिरहेको छ (त्रिवि शिक्षाशास्त्र सङ्काय, सन् २०२२) । ती क्याम्पस तथा क्याम्पसका विभिन्न विभागहरूले अनुसन्धान समिति मार्फत शोध कार्य गराउनुका साथै अनुसन्धानात्मक लेख/रचना प्रकाशन गर्ने गरेका छन् । यसरी शिक्षाशास्त्र सङ्कायले शिक्षकको शिक्षा विकाससँगै पेसागत विकासमा पनि सहयोग गरेको छ ।

शिक्षकको पेसागत विकासको सन्दर्भमा त्रिविको शिक्षाशास्त्र सङ्कायले विशेषतः पूर्वसेवाकालीन शिक्षक उत्पादन गर्ने गर्दछ । पाठ्यक्रममा तोकिएका सैद्धान्तिक ज्ञान तथा व्यावहारिक ज्ञान र सिप आदि सङ्कय अन्तर्गतका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसमार्फत प्रदान गरिन्छ । प्रयोगात्मक सिपमा अभ्यास शिक्षण, शैक्षिक सामग्रीको खोज तथा निर्माण, अनुसन्धान कार्य लगायत पर्दछन् । पूर्वसेवाकालीन शिक्षक मात्र नभई अध्यापनरत केही शिक्षक सरकारी/संथागत आर्थिक सहयोग, अनुदान सहित अध्ययनका लागि आउने गर्दछन भने धेरै शिक्षकहरू आफ्नै निजी प्रयास र खर्चमा आफ्नो शैक्षित योग्यता अभिवृद्धिका लागि त्रिविमा आउने गर्दछन् । त्रिविको शि.स.बाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई समेटेर केही लेखहरू प्रकाशन भएका भए पनि हालसम्म यस सङ्कायले शिक्षकको पेसागत विकासका क्षेत्रमा पुर्याएको योगदानको विश्लेषण गर्दै अनुभूतिमूलक लेख प्रकाशन नभएको र यससँग सम्बन्धित अनुसन्धानहरू पनि खासै भएका देखिँदैनन् । लेखक स्वयं शिक्षाशास्त्र सङ्कायमै रहेर अध्ययनरत विद्यार्थी र शिक्षक दुवै भएको नाताले शिक्षकको पेसागत विकासमा त्रिविको शि.स.ले खेलेको भूमिका र देखिएका केही कमीकमजोरीको चर्चा गर्दै अनुभूतिमूलक लेख लेख्ने उद्देश्य राखिएको हो । यो लेख त्रिवि र सम्बन्धित निकायका साथै अध्यापनरत शिक्षकहरूको लागि पनि केही उपयोगी हुन सक्छ भन्ने अपेक्षा गरिएको छ ।

## विधि तथा सामग्री

शिक्षकको पेसागत विकासमा त्रिविको शि.स.को भूमिका सम्बन्धी समीक्षात्मक यो लेख वर्णनात्मक प्रकृतिको रहेको छ । विभिन्न लेख/रचना, वेबसाइट, स्नातक र स्नातकोत्तर तहका नेपाली विषयका पाठ्यक्रमहरू, शोध तथा अनुसन्धानलाई स्रोत सामग्रीका रूपमा लिइएको छ । तिनै स्रोत सामग्रीलाई आधार मानेर अनुसन्धानकर्ताका अनुभव र स्व बिम्बन तथा अनुभूतिका आधारमा यो लेख तयार पारिएको छ ।

## परिणाम र छलफल

त्रिविको शि.स., डीनको कार्यालयले निर्धारण गरेका लक्ष्य तथा उद्देश्यहरू त्रिवि स्थापना दिवसको उपलक्षमा प्रकाशन भएको टि. यु. टुडेमा आचार्य (सन् २०२०) ले उल्लेख गरेकी छन् । त्यस विशेषाङ्कमा उल्लिखित लक्ष्य तथा उद्देश्यहरूलाई समेट्दै लेखकका अनुभव र अनुभूतिपूर्ण विश्लेषण यसप्रकार प्रस्तुत गरिएको छः

त्रिविको शि.स.ले विद्यालय तहका तालिमप्राप्त शिक्षक उत्पादन गर्ने लक्ष्य लिएको छ । यसलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनका लागि हालको चार वर्षे स्नातक तहको चौथो वर्षमा अभ्यास शिक्षणसम्बन्धी एक सय पूर्णाङ्कको पूर्व अभ्यास शिक्षण, सहपाठी शिक्षण र वास्तविक शिक्षण गर्नु पर्ने व्यवस्था गरिएको छ । साथै स्नातक

तहको चौथो वर्षमा कम्तीमा दुई विषयमा प्रयोगात्मक तथा अनुसन्धानमूलक कार्यलाई आन्तरिक मूल्याङ्कन कार्य अन्तर्गत समावेश गरिएको छ । त्यस अनुसन्धानमूलक कार्यले विद्यार्थीलाई प्राज्ञिक लेखनमा अभ्यस्त बनाउनुका साथै आंशिक रूपमा शोध लेखनको प्रारम्भिक चरण शुरु भएको मान्न सकिन्छ । नेपाली विषय अन्तर्गत स्नातक तहको चौथो वर्षमा थपिएको व्यावहारिक लेखन तथा सम्पादन विषयले सामाजिक तथा स्थानीय स्तरको जनजीवनमा प्रयोग हुने तमसुक, व्यापारिक कारोबारमा प्रयोग हुने भर्पाईका नमुना, घरायसी र व्यापारिक चिठीको नमुना, बैङ्किङ् कारोबारका भौचरहरू आदि निर्माण गर्न सिकाएको छ भने भाषाशिक्षण विषयका माध्यमबाट विद्यालय तहमा पढाइ हुने विभिन्न भाषिक सिप तथा विधा शिक्षणका तरिकाहरू सिकाएर तालिम प्राप्त शिक्षहरूको उत्पादन गरिरहेको छ । यसैगरी हाल स्नातकोत्तर तहमा सेमेस्टर प्रणाली लागू भएसँगै प्रत्येक विषयमा चालिस प्रतिशत आन्तरिक मूल्याङ्कन कार्य अन्तर्गत प्रयोगात्मक कार्य तथा अनुसन्धानात्मक लेख लेख्न सिकाउने, प्राज्ञिक लेखनसम्बन्धी मूल्याङ्कन कार्य दिने र चौथो सेमेस्टरको अन्त्यमा दुई सय पूर्णाङ्कको एउटा गहन अनुसन्धान गराउने कार्यको थालनी भएको छ । अभ्यास शिक्षणसम्बन्धी एक सय पूर्णाङ्कको पाठ्यभार थपी पूर्व अभ्यास शिक्षण, सहपाठी शिक्षण र वास्तविक शिक्षण गर्नु पर्ने व्यवस्था पनि गरिएको छ ।

यस सङ्कायले कुशल शिक्षक प्रशिक्षक, विषय विशेषज्ञ आदिको निर्माण गर्ने लक्ष्यका साथ स्नातक तथा स्नातकोत्तर तहको अन्त्यमा अभ्यास शिक्षण कार्यक्रम सञ्चालन गरी व्यावहारिक र प्रयोगात्मक सिपयुक्त शिक्षक उत्पादन गर्ने लक्ष्य राखेको छ । त्रिविको शि.स.ले शिक्षक प्रशिक्षण कार्यक्रम लागू गरेर भाषाशिक्षण र अनुसन्धान कार्य आदिका माध्यमबाट विद्यालय तहका बालबालिकाहरूको शिक्षण सिकाइलाई प्रभावकारी बनाउने लक्ष्य लिएको छ । यसैगरी स्नातकोत्तर तहका शोध लेखनमा विविधता आएको हुनाले सबै क्याम्पसहरूको शोध लेखनमा एकरूपता ल्याउनका लागि विभिन्न समय र स्थानमा गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने गरेको छ । हाल सेमेस्टर प्रणाली लागू भएपश्चात् नेपाली लगायत अन्य सबै विषयका विषय समितिको समन्वय र सहकार्यमा डीनको कार्यालयबाट स्नातकोत्तर शोध निर्देशिका तयार पारिएको छ । तर अभ्यास शिक्षण तथा खोजमूलक प्रयोगात्मक कार्यका माध्यमबाट शिक्षक तयारीकै क्रममा अभ्यस्त बनाएपछि मात्र कक्षाकोठामा प्रवेश गराउने लक्ष्य लिएको भए पनि योजना गरे अनुरूप स्नातकोत्तर तहको अभ्यास शिक्षण कार्य, प्राज्ञिक लेखन सिप र शोध लेखन कार्य औपचारिकता पूरा गर्ने कार्यमा मात्र सीमित रहेको देखिन्छ । सिकाइ समस्याहरूको पहिचान गरी विद्यार्थीहरूलाई उचित पृष्ठपोषण दिन नसकेको अवस्था छ (अधिकारी, सन् २०२१, पृ. १५१) । आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा हुने अभ्यास शिक्षण कार्यमा सम्बन्धित क्याम्पसका विभागबाट विषय शिक्षकलाई एक सेमेस्टर भरि पढाउनका लागि तोकिएको भए पनि सेमेस्टर सकिँदासम्ममा पनि विद्यार्थीहरूले पाठयोजना, एकाइ योजना, कार्ययोजना आदि बनाउन नजानेको तथा सहपाठी शिक्षण एकपटक पनि नगरेको पाइएको छ (न्यौपाने, २०७९) । यसका साथै डीनको कार्यालयको तर्फबाट आन्तरिक र बाह्य परीक्षक तोकेर विद्यार्थीलाई असल शिक्षक बनाउने लक्ष्य लिएको भए पनि तोकिएका सुपरिवेक्षकहरूले पर्याप्त समय र उचित सुझाव दिन नसक्दा छात्र शिक्षकहरूमा आवश्यक शिक्षण सिप र क्षमताको उचित विकास हुन सकेको देखिँदैन ।

एमफिल, पिएच्डी कार्यक्रमका माध्यमबाट उच्च स्तरको जनशक्ति उत्पादन गर्ने तथा शिक्षक शिक्षा प्रणालीको विकास र विस्तारमा योगदान पुर्याउन विभिन्न अनुसन्धानमूलक कार्य सञ्चालन गरी शैक्षिक क्षेत्रलाई सुधार गर्ने लक्ष्य यस सङ्कायले लिएको छ । यस सङ्कायले हाल स्वास्थ्य शिक्षामा उत्तर विद्यावारिधि कार्यक्रम सञ्चालनमा ल्याएको छ । वि. सं. २०७४ पछि यस सङ्काय अन्तर्गत एमफिल, पिएच्डी एकीकृत कार्यक्रम पनि कार्यान्वयनमा ल्याएको छ । एमफिल, पिएच्डीका विद्यार्थीहरूलाई विभिन्न दर्शन, अनुसन्धान दृष्टान्त तथा विधि आदिका बारेमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान र सिपले युक्त बनाउने तथा स्तरीय प्राज्ञिक लेख/रचना लेखनमा सक्षम बनाउँदै आफ्नो विषय क्षेत्रको अनुसन्धानमूलक कार्यमा निपूर्ण बनाउने लक्ष्य यस कार्यक्रमले राखेको छ । विद्यार्थी/शोधार्थीहरूले पाठ्यभार अनुसारका कार्यहरू नियमित तवरले गर्ने र शिक्षकले नियमित रूपले उचित पृष्ठपोषण तथा मार्गदर्शन प्रदान गरेको खण्डमा उत्पादित जनशक्ति गुणस्तरीय बन्न सक्छ ।

विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक छैन (खनिया, २०७५; ढकाल, २०७६; क्षेत्री, २०७७; रौनियार, २०७८; तिवारी, २०७८) । विश्व परिवेशलाई नियाल्दा शैक्षिक हिसाबले विकसित मुलुकहरूमा जेहेन्दार तथा सबैभन्दा राम्रो अङ्क ल्याउने विद्यार्थीले मात्र शिक्षाशास्त्र सङ्कायमा भर्ना गर्न पाउने र शिक्षक बन्न पाउने व्यवस्था रहेको छ भने नेपालको सन्दर्भमा त्यसको ठीक उल्टो कार्य भएको देखिन्छ । नेपालको त्रिविको शि.स.अन्तर्गतको भर्ना प्रक्रिया हेर्दा अन्य सङ्काय तथा विषय पढ्न नपाउने अवस्थामा भएका विद्यार्थीहरू शि.स.मा आउने र त्यसमा पनि नेपाली विषय पढ्नका लागि भर्ना हुने स्थिति छ । यस समस्याको समाधान गर्न आगामि दिनमा शिक्षा नीति तथा कार्यक्रम योजना निर्माणकै तहमा बि + भन्दा कम ग्रेड ल्याउने विद्यार्थीले शिक्षक हुन नपाउने व्यवस्था कार्यान्वयनमा ल्याउनु उचित हुन्छ ।

त्रिविको शि.स.ले गुणस्तरीय जनशक्ति उत्पादन गर्नका निम्ति समय- समयमा पाठ्यक्रम परिमार्जन गर्दै व्यावहारिक लेखन तथा प्राज्ञिक लेखनको सुधार गर्ने, शिक्षण अभ्यासको माध्यमबाट तालिमप्राप्त शिक्षक उत्पादन गर्ने, शोध कार्यको माध्यमबाट शिक्षण सिकाइमा देखिएका विभिन्न समस्यामूलक क्षेत्रमा अनुसन्धान गरी शिक्षणमा सुधार गर्ने लक्ष्य लिएको छ (आचार्य, सन् २०२०) । तर व्यावहारिक रूपमा सही तरिकाले कार्यान्वयन नहुँदा उत्पादित जनशक्तिको गुणस्तरमा धेरै अध्ययनले प्रश्न उठाएका छन् (बराल, सन् २०२१) । यस सङ्कायको प्रारम्भिक चरण (कलेज अफ एजुकेशन) मा उत्पादन भएका जनशक्तिले विद्यालय र विद्यालय बाहिरको समाजका साथै समग्र शिक्षा क्षेत्रमै नेतृत्वदायी भूमिका खेलेको पाइन्छ । कलेज अफ एजुकेशनले उत्पादन गरेको जनशक्ति असल र प्रभावकारी शिक्षा प्रदान गर्ने गुणस्तरीय शिक्षक तथा व्यक्तित्वको रूपमा परिचित छन् । त्रिवि को हालको उत्पादनले उक्त साख जोगाउन नसकेको जस्तो देखिन्छ । त्रिवि सेवा आयोग (२०७७) ले उप-प्राध्यापक पदको खुला प्रतियोगिताको लिखित परीक्षाको प्रकाशित नतिजाका साथै शिक्षक सेवा आयोग (२०७९) को हालै प्रकाशित माध्यमिक तहको परीक्षाको नतिजाले पनि यो कुरामा बल पुर्याउँछ किनभने त्रिवि सेवा आयोगद्वारा विभिन्न १७ विषयका लागि लिइएको परीक्षामा एक विषय बाहेक अन्यमा आवश्यक न्यूनतम उत्तीर्णाङ्क समेत प्राप्त गर्न नसकी दर्बन्दीमा माग भएको संख्याभन्दा कम संख्यामा मात्र परीक्षार्थी उत्तीर्ण भएका थिए । त्यस्तै, शिक्षक सेवा आयोगको लिखित परीक्षामा पनि धेरै परीक्षार्थी असफल भएका छन् । त्रिवि शि. स.अन्तर्गतका केन्द्रीय विभाग र विभिन्न क्याम्पस तथा विद्यालयमा पढाउने जनशक्ति मुलत त्रिविको शि.स.बाट नै उत्पादन हुन्छन् तर सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक ज्ञान र सिपले युक्त दक्ष शिक्षक/पूर्वसेवा शिक्षककै परीक्षाको प्रदर्शनमा देखिएको यस्तो कमजोरीप्रति गम्भीर बन्दै त्रिविको शि.स.ले आफूले सञ्चालन गरेका कार्यक्रम र उत्पादनको सही मूल्याङ्कन गर्दै बेलैमा उचित कदम चाल्नु पर्ने देखिन्छ ।

**शैक्षिक कार्यक्रम**

त्रिविको शि.स.अन्तर्गत आङ्गिक तथा सम्बन्धन प्राप्त विभिन्न क्याम्पसहरू मार्फत आफ्नो पेसा, व्यवसायमा संलग्न भई उपयुक्त समयमा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि प्रातकालीन, दिवाकालीन र सन्ध्याकालीन कक्षाहरू सञ्चालन गरिरहेको छ । साथै केही विषयहरूमा खुला तथा दूर शिक्षा मोडमा पनि केही क्याम्पसहरूमा कक्षाहरू सञ्चालन गरेर शिक्षक उत्पादन भइरहेको अवस्था छ । यस सङ्कायले विभिन्न शैक्षिक कार्यक्रम अन्तर्गत कक्षा १२ सोसरह हुने गरी शिक्षक तयारी कोर्स (TPC) कार्यक्रम पनि सञ्चालनमा ल्याएको छ । उक्त शिक्षक तयारी कोर्सले कुनै उपाधि प्रदान नगरेको भए पनि शिक्षण कौशलको विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । वार्षिक प्रणालीमा रहेको स्नातकोत्तर कार्यक्रमलाई सेमेस्टरमा आधारित स्नातकोत्तर (चार सेमेस्टर) मा लगिएको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय एजेन्सीहरूको सहयोगमा नयाँ पाठ्यक्रमहरू निर्माण गरी कार्यक्रमको योजना बनाउने, विकास गर्ने र कार्यान्वयनमा ल्याउने कामलाई अग्रता दिइएको छ । यसका साथै स्नातकोत्तर तहको लागि नयाँ पाठ्यक्रम विकसित गरी केही पनिमार्जन पनि गरेर लागू गरिएको अवस्था छ । साथै अन्य सङ्कायमा स्नातकोत्तर गरेर शिक्षक तालिम लिन चाहने विद्यार्थीहरूका लागि दुई-सेमेस्टरको एम्.एड्. पनि सञ्चालनमा छ । विज्ञान शिक्षामा चाँडै सुरू गर्न सकिने जानकारी आचार्य (सन् २०२०) ले दिएकी छन् । यसैगरी तीन वर्ष स्नातकलाई लम्याउँदै चार वर्ष स्नातक (वार्षिक) प्रणाली लागू भएको छ । स्नातक तहमा नौ सेमेस्टर बी.एड्. पनि केही विषयहरूमा चलिरहेका छन् भने अन्य सङ्कायमा स्नातक पढेर शिक्षक तालिम लिन चाहने विद्यार्थीहरूका लागि एक वर्ष बी.एड्. कार्यक्रम पनि रहेको छ । दुई सेमेस्टर बी. एड्. सामाजिक अध्ययन शिक्षा र गणित शिक्षामा लागू गरिएको छ (आचार्य, सन् २०२०) ।

खुला तथा दूर शिक्षा मोडमा नियमित रूपमा कक्षाकोठामा उपस्थित भएर अध्ययन गर्न असहज भएका दुरदराजमा रहेका विद्यार्थीहरूका लागि कक्षा सञ्चालन गरिएको छ । यस मोडमा नेपाली शिक्षा, स्वास्थ्य शिक्षा, पाठ्यक्रम र मूल्याङ्कन विषयहरूमा विभिन्न क्याम्पस (डडेल्धुरा शिक्षा क्याम्पस, सुर्खेत शिक्षा क्याम्पस, सानोठिमी क्याम्पस र सूर्य नारायण सत्यनारायण मोर्बेता यादव बहुमुखी क्याम्पस) मा कक्षा सञ्चालन गरिएको छ (आचार्य, सन् २०२०) । यो कार्यक्रम सफल हुँदै गएमा अन्य क्याम्पसहरूमा पनि लागू गर्ने लक्ष्य रहेको भए पनि हाल सानोठिमी क्याम्पसमा सञ्चालन भइरहेको खुला तथा दूर शिक्षा मोडलाई हटाइएको छ । यस कार्यक्रम अन्तर्गत रहेर अध्यापन गर्ने शिक्षक र विद्यार्थी दुवै प्रविधिमैत्री हुनु अत्यन्त जरूरी छ । हाल सञ्चालनमा रहेको यस कार्यकममा पनि नेपाली विषयका शिक्षक र विद्यार्थी दुवैबाट औपचारिकता पूरा गर्ने कार्य मात्र भएको देखिन्छ । सिकाइ उपलब्धिमा देखिएको समस्या र प्रविधिको ज्ञानसम्बन्धी समस्या भने जिउँकातिउँ रहेका छन् (न्यौपाने, २०७९) । विद्यार्थीहरू सम्पर्क समय तोकिएको बेलामा नआउने, समयका कार्य पूरा नगर्ने, इमेल हेर्न तथा प्रतिउत्तर दिन नजान्ने आदिजस्ता धेरै समस्याहरू यस कार्यक्रममा पनि देखिएका छन् । यस कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि शिक्षक प्रशिक्षकका साथै विद्यार्थीलाई समेत प्रविधिसम्बन्धी तालिम दिने र अनलाइन प्रविधिमा जानकार हुनु आवश्यक छ भन्ने कुरा भर्ना गर्नु पूर्व नै विद्यार्थीलाई जानकारी गराउनु जरुरी छ ।

शैक्षिक कार्यक्रम अन्तर्गत यस सङ्कायले शिक्षक उत्पादन गर्दा कुन विषयमा कति शिक्षकको आवश्यकता पर्दछ भन्ने कुराको ख्याल नै नगरी विद्यार्थीको भर्ना लिने गरेको छ । त्रि. वि. को यस प्रक्रियाका कारण शैक्षिक वेरोजगारको सङ्ख्यामा दिनानुदिन वृद्धि भइरहेको छ । यसलाई कम गर्न यस सङ्कायले भर्ना प्रक्रियाकै क्रममा अनुगमन गरी सही र निष्पक्ष तरिकाले प्रवेश परीक्षा लिई आवश्यक सङ्ख्या र विषयमा मात्रै विद्यार्थी भर्ना गराई शैक्षिक कार्यक्रमलाई प्रभावकारी र गुणस्तरीय बनाउनु आवश्यक देखिन्छ । साथै अन्य सिपमूलक शैक्षिक कार्यक्रमहरू ल्याएर शिक्षाशास्त्र सङ्कायलाई व्यवस्थित, रोजगारमूलक र गुणस्तरीय शिक्षा प्रदान गर्ने सङ्कायको रूपमा परिचित गराउनु जरूरी छ ।

**प्रयोगात्मक कार्य**

शिक्षाशास्त्र सङ्कायको मुख्य उद्देश्य नै सैद्धान्तिक ज्ञान प्रदान गर्नुका साथै प्रयोगात्मक र व्यावहारिक तरिकाले शिक्षण गर्ने तथा शिक्षण अभ्यासका माध्यमबाट सिकारु शिक्षकलाई शिक्षण कलासम्बन्धी तालिम दिई तालिम प्राप्त शिक्षक, प्रशिक्षक उत्पादन गर्नु हो । विद्यार्थी/पूर्व सेवाकालीन शिक्षकलाई सैद्धन्तिक ज्ञानलाई परिष्कृत गराउन र व्यावहारिक सिप सिकाउने हेतुले हाल सेमेस्टर प्रणालीमा प्राय जसो सबै विषयमा प्रयोगात्मक अभ्यास राखिएका छन् । केहीमा तिनीहरूको छुट्टै परीक्षण पनि हुन्छ भने केहीमा पाठ्यांशकै आन्तरिक कार्यमा समेटिएको हुन्छ । भाषा विषय बाहेक अन्य केही विषयहरूमा प्रयोगात्मक कार्य गरे पनि शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातक तहमा अङ्ग्रेजी शिक्षा, जनसङ्ख्या शिक्षा बाहेकका विषयमा छात्र शिक्षकलाई गराउने प्रयोगात्मक कार्य भन्नाले शिक्षण अभ्यास, प्राज्ञिक लेखन र शोध कार्य भन्ने बुझिन्छ ।

***शिक्षण अभ्यास***

विद्यार्थीले कक्षाकोठामा सिकेका सैद्धान्तिक ज्ञानलाई व्यावहारिक रूपमा उतार्ने कार्यमा अभ्यास शिक्षणले सहयोग पुर्याउँछ । सैद्धान्तिक पक्षलाई प्रयोगात्मक बनाउँदै वास्तविक जीवनमा शिक्षणको पूर्व तयारी गर्न स्नातक तहमा एक शैक्षिक सत्रभरि नै पाठ्यभार १५० कायम गरी शिक्षण अभ्यासलाई थप प्रभावकारी बनाउने प्रयास गरिएको छ । सूक्ष्म शिक्षणका लागि २४ दिन, सहपाठी शिक्षणका लागि ४० दिन र विद्यालय शिक्षणका लागि १८ दिनको अवधि निर्धारण गरिएको छ (शिक्षण अभ्यास पाठ्यांश निर्देशिका, चार वर्ष बी. एड्.) । यस निर्देशिकामा आन्तरिक मूल्याङ्कन गर्न सूक्ष्म शिक्षणमा १५, सहपाठी शिक्षणमा २०, विद्यालय शिक्षण २०, सहयोगी विद्यालयले दिने अङ्क ५ गरी जम्मा ६० अङ्क र बाह्य मूल्याङ्कनमा ४० अङ्क गरी समग्रमा १०० पूर्णाङ्क अभ्यास शिक्षणको लागि निर्धारण गरिएको छ । यसरी अभ्यास शिक्षणको पाठ्यक्रम छुट्टै निर्माण गरेर वर्षभरि प्रयोगात्मक तरिकाले छात्र शिक्षकलाई तालिम दिने लक्ष्य त्रिविको शि.स.ले लिएको भए पनि वार्षिक प्रणालीका आङ्गिक क्याम्पसका कक्षाहरूमा नियमित रूपमा विद्यार्थी उपस्थित हुन नसक्दा व्यावहारिक रूपमा यसको कार्यान्वयन गर्न सम्बन्धित विषय शिक्षक तथा विभागलाई निकै समस्या परेको देखिन्छ । यस्तै प्रकृतिका समस्याहरू व्यावहारिक लेखन तथा सम्पादन विषय र भाषिक अनुसन्धान विषयको २० पूर्णाङ्कको अनुसन्धानात्मक कार्यमा पनि देख्न सकिन्छ । तसर्थः वार्षिक प्रणालीका कक्षाहरूमा नियमित रूपमा विद्यार्थी उपस्थित गराउँदै अभ्यास शिक्षणका माध्यमबाट तालिम प्राप्त शिक्षक उत्पादन गर्ने लक्ष्यलाई पूर्ण रूपमा लागू गर्न के कस्तो कदम चाल्न सकिन्छ भन्ने कुरामा गम्भीर तरिकाले चिन्तन गर्नु आवश्यक छ । यदि शि. स., सम्बन्धित विषयका विषय समिति, सम्बन्धित विभाग र विषय शिक्षकको यसतर्फ ध्यान गएन भने अभ्यास शिक्षण र प्रयोगात्मक कार्य पनि औपचारिकता पूरा गर्ने र झारो टार्ने कार्यमै सीमित हुने देखिन्छ ।

अभ्यास शिक्षण र प्रयोगात्मक कार्यलाई पाठ्यक्रमले तोके अनुरूप सफलतापूर्वक कार्यान्वयनमा ल्याउनका लागि सम्बन्धित विषय शिक्षक, आन्तरिक सुपरिवेक्षक र बाह्य सुपरिवेक्षक पनि आफूले गर्नु पर्ने काम र कर्तव्यप्रति जिम्मेवार हुनु आवश्यक छ । शिक्षकको जिम्मेवारीका सम्बन्धमा बाह्य सुपरिवेक्षकको रूपमा अभ्यास शिक्षणमा जाँदाको अनुसन्धानकर्ताको कुनै एक अनुभव यस प्रकार छः छात्र शिक्षकहरूसँग सहपाठी मूल्याङ्कन फारम हेर्नको लागि माग्दा त्यो फारम क्याम्पसले उपलब्ध गराएको छैन भन्ने उत्तर आयो । वास्तविक शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीहरू, उनीहरूले तयार पारेका अतिरिक्त क्रियाकलाप लगायतका प्रतिवेदनहरू पनि मागियो तर कुनै सामग्री पनि छात्र शिक्षकहरूसँग थिएनन् । त्यस दिन शिक्षण कार्यकलाप, पाठयोजना र प्रश्न सेट मात्र मूल्याङ्कन गरेर सामग्री सहित विभागमा उपस्थित भई भोलिपल्ट हाजिरी गर्ने शर्तमा विद्यार्थीसँग छुटियो । कुराकानीका क्रममा आन्तरिक सुपरिवेक्षकले "सामग्रीमा मैले हस्ताक्षर गरिसकेको छु; तपाईंले हाजिरीमा उपस्थिति जनाइदिनुहोला" भन्ने कुरा गरे । प्रतिउत्तरमा लेखकले सामग्री परीक्षण र शिक्षण क्रियाकलापको परीक्षण दुवै गरेपछि मात्र आफूले अङ्क दिन मिल्ने कुरा बताएपछि उनले वास्तविकता खोले । उनले एक वर्ष बि.एड. गरेर अध्यापन गर्न सुरु गरेको र आफूले पनि त्यसरी नै अभ्यास शिक्षण गरेको कुरा बताए । त्यहाँ अभ्यास शिक्षणमा संलग्न विद्यार्थीहरू कसैले पनि सामग्री तयार गरेकै रहेनछन्

। त्यसपछि तीन दिन भित्रमा छात्र शिक्षकले सामग्री उपलब्ध गराएपछि मात्र अन्तिम मूल्याङ्कन गरियो; यो एउटा उदाहरण मात्र हो । कतिपय विद्यालय तथा क्याम्पसहरूमा छात्र शिक्षकलाई शिक्षण गर्न नै दिइँदैन, आन्तरिक सुपरिवेक्षक र बाह्य सुपरिवेक्षक आउने दिनमात्र पढाउन दिइन्छ भन्ने गुनासो विद्यार्थीहरूको रहेको छ । यसरी छात्र शिक्षक र सुपरिवेक्षकले आफ्नो जिम्मेवारी सही तरिकाले ननिभाउँदा अभ्यास शिक्षण कार्य प्रभावकारी हुन सकेको छैन । त्यसैले शिक्षण अभ्यासको प्रभावकारिताका सम्बन्धमा प्रश्नहरू उठ्ने गरेका छन् । हाल सञ्चालन भइरहेका शिक्षण अभ्यास कार्यक्रम सिकाइ अनुभवको लागिभन्दा पनि विधि पुर्‍याउने मेलोको रूपमा चलिरहेको देखिन्छ (गौतम, सन् २००१) । विद्यार्थीहरूलाई काम नगराउने अनि आर्थिक लेनदेनको माध्यमबाट अङ्क मिलाउनेसम्म पनि प्रस्ताव आउने गरेका छन् । उदाहरणको रूपमा लेखक बाह्यपरीक्षक भई जाँदाको अनुभव यस्तो छ :'यहाँका विद्यार्थी त यस्तै हुन्, अङ्क चाहिँ मिलाइदिनुहोस्; बरु दक्षिणा राम्रै दिउँला ।' यस आधारमा त्रिविको शिक्षण अभ्यास कार्यक्रम विधि पुर्‍याउने मेलो मात्र हो भन्न सकिन्छ । छात्र शिक्षकहरूले अभ्यास शिक्षणमा जानु अघि आवश्यक मात्राको तयारी पाउँदैनन् । प्रशिक्षण प्राप्त गर्ने क्रममा विद्यार्थीहरूले आफ्ना क्याम्पसमा शिक्षण कलाको अभ्यास गर्ने पर्याप्त अवसर नै पाएका हुँदैनन् । यस तर्फ न शिक्षकहरू न त विद्यार्थीहरू नै गम्भीर देखिन्छन् । पर्यवेक्षणको तहमा पनि धेरै कमजोरी पाइन्छ र आन्तरिक सुपरिवेक्षकहरूले प्रदान गर्ने पृष्ठपोषण एकदमै न्यून देखिएको वा नभएको जस्तै देखिन्छ भन्ने कुरा गौतम (सन् २००१)ले उल्लेख गरेका छन् ।

शिक्षाशास्त्र सङ्कायसँग क्याम्पसहरूमा अनुगमन गर्ने साधन र जनशक्ति छैन । त्रिविको शि.स.बाट तयार गरिएको अनुसन्धान प्रतिवेदनले नै राष्ट्रको शिक्षा प्रणालीले खोजे जस्तो उच्च गुणस्तरको शिक्षक शिक्षा दिने दिशामा विश्वस्त पार्न सक्ने संस्थागत क्षमता त्रिविको शि.स.सँग नभएको कुरा स्वीकार गरेको छ (बिष्ट, सन् २००२) । सम्भाव्यता अध्ययन राम्ररी नगरी श्रोत र सामर्थ्य नै नभएको स्थानमा माग गर्नासाथ क्याम्पस खोल्न सम्बन्धन दिने, प्रभावकारी अनुगमन गर्न नसक्ने र गरिएका अनुगमन पनि फितलो हुने आदि कारणहरूले त्रिविको शि.स.बाट अपेक्षाकृत रूपका दक्ष शिक्षक उत्पादन हुन नसकेको कुरा स्वीकार गर्नु पर्दछ ।

***शोध तथा शिक्षकको गुणस्तर***

स्नातकोत्तर तहमा सेमेस्टर प्रणालीमा लागू गरिएको वर्तमान अवस्थामा प्रत्येक विषयको ४० प्रतिशत आन्तरिक मूल्याङ्कन कार्यबाट र ६० प्रतिशत अङ्क बाह्य परीक्षण गर्ने व्यवस्था गरिएको छ तर आन्तरिक मूल्याङ्कनका सन्दर्भमा विद्यार्थीहरू सन्तुष्ट छैनन् (खनाल, सन् २०१९) । अभ्यास शिक्षण र अनुसन्धान तथा शोध कार्यका पाठ्यक्रम तथा पाठ्यांशमा व्यापक परिवर्तन गरिएको भए पनि कार्यान्वयनको पाटो पुरानै ढाँचामा चलेको छ; व्यावहारिकतामा कुनै परिवर्तन आएको छैन (न्यौपाने, २०७९) । शैक्षिक प्रणाली र पाठ्यक्रमले खोजेको उद्देश्य प्राप्तिका लागि पाठ्यक्रमलाई कक्षाकोठामा लागू गर्ने शिक्षक र विद्यार्थीले आफ्नो कर्तव्य र जिम्मेवारी इमान्दारपूर्वक बहन गर्नुका साथै त्रिविको शि.स.र अन्य जिम्मेवार निकायले पनि आफ्नो सक्रिय भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।

विश्वविद्यालयले अपेक्षा गरे अनुरूप शोध कार्य पनि हुन सकेका छैनन् । शोध कार्य उपाधि प्राप्तिको रीत पुर्‍याउन तथा परम्परा धान्नका लागि मात्र गरिने हुनाले विद्यार्थीहरू अनिवार्य रूपमा सिक्नु पर्ने र जान्नु पर्ने कुराहरूमा पनि अनविज्ञ रहेको अवस्था छ । शोधार्थी सिप सिक्नेभन्दा पनि शोधकार्य चाँडो सक्ने ध्याउन्नमा हुन्छन् (अधिकारी, सन् २०२२) । कतिपय विद्यार्थीहरूले अनुसन्धान प्रस्तावको प्रतिरक्षा परीक्षा भएको दुई - तीन दिन भित्रमै पूर्ण शोध लिएर आउँछन् । उनीहरू शोध प्रस्ताव र प्रतिवेदन के-कसरी तयार गरिन्छ, शोधलाई वस्तुगत र विश्वसनीय बनाउन के-के गर्नु पर्छ, शोधकार्य कसरी पूरा गर्ने भन्ने जस्ता कुराको जानकारी बिना शोध तयार गर्दछन् । यसरी तयार पारिएका धेरै शोधहरूको गुणस्तर कमसल भेटिन्छ । यसको जिम्मेवारी न अनुसन्धान विषय अध्यापन गर्ने शिक्षकले न त शोध निर्देशकले नै लिन्छ । यस्तै अर्को जटिल समस्याको रूपमा नेपाली भाषालाई प्रविधिमैत्री बनाउन नसक्नु पनि एक हो । यसै कारण हालसम्म त्रिभुवन विश्वविद्यालयका नेपाली विषयमा लेखिने शोधहरूमा कसैको सामग्री वा शोधबाट हुबहु सारिएको भए पनि परीक्षण गर्न सक्ने स्थिति एकदमै न्यून रहेको छ ।

अभ्यास शिक्षण र शोध कार्यसम्बन्धी यस्तो अवस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेका विद्यार्थीहरू नै शिक्षक तथा शिक्षक प्रशिक्षक बनेका हुनाले उनीहरूले कसरी योग्य र तालिम प्राप्त शिक्षक उत्पादन गर्न सक्छन् भन्ने कुरामा त्रिभुवन विश्वविद्यालय गम्भीर हुनुपर्ने देखिन्छ । अनुसन्धानका क्षेत्रमा यस विश्वविद्यालयलाई अन्तराष्ट्रिय स्तरमा उकास्नका लागि प्राध्यापक र विद्यार्थी सबैले शिक्षाको महत्त्व बुझी सही अर्थमा क्रियाकलाप र यसको भूमिकालाई अभिवृद्धि गर्न प्राथमिकताका साथ लाग्नुपर्ने अवस्था आएको छ (कुँवर, २०७६) ।

### *अनुसन्धान गराउने तथा लेख/रचना प्रकाशन गर्ने*

राष्ट्रिय र अन्तर्राष्ट्रिय एजेन्सीहरूको सहयोगमा साना र ठूला अनुसन्धान अध्ययनहरू सञ्चालन गर्ने कार्यलाई यस सङ्कायले निरन्तरता दिएको छ । प्रत्येक वर्ष त्रिविको शि.स., डीनको कार्यालयले शिक्षाका विभिन्न समस्यामूलक क्षेत्रहरूमा लघु अनुसन्धान अध्ययन गर्न अनुदान प्रदान गर्दै आएको छ। यस कार्यले शि.स. अन्तर्गतका धेरै शिक्षकहरूको पेसागत विकासमा उत्प्रेरणा प्रदान गरेको छ । विभिन्न विषयका शिक्षकहरूले आफ्नो विषय क्षेत्रसँग सम्बन्धित भएर विभिन्न दृष्टान्त र विधि अनुसारका अनुसन्धानहरू गर्दै आएका छन् तर यस सङ्कायको डीन कार्यालयको तर्फबाट गराइएका लघु अनुसन्धान तथा अन्य अनुसन्धान प्रतिवेदनलाई व्यवस्थित गरेर राख्ने पुस्तकालयको अभाव रहेको पाइयो । भएका पुस्तकहरू पनि अव्यवस्थित रूपमा बोरामा राखेर कोठामा बन्द गरिएको स्थिति छ । प्रत्येक वर्ष अनुदान दिएर गराइएका अनुसन्धान लगायतका महत्त्वपूर्ण सामग्रीहरूलाई त्यसरी राख्दा ती अनुसन्धानहरूबाट लाभ लिन सकिएको छैन र ती अनुसन्धान गर्न व्यर्थको समय र स्रोतको खर्च भएको देखिन्छ । अनुसन्धानको शिलशिलामा शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयको पुस्तकालय पुगेकी अनुसन्धानकर्तासँग विभिन्न अनुसन्धाताले परिश्रमपूर्वक तयार पारेका अनुसन्धान प्रतिवेदन र पुस्तकहरू त्यसरी बोरामा राखेर कोठामा बन्द गर्नु पर्दा रातभर निद्रा नलागेको कुरा त्यहाँको पुस्तकालयका कर्मचारी बताउँछन् । तसर्थः यस विषयप्रति सम्बन्धित निकायको गम्भीर ध्यान जानु जरुरी छ ।

त्रिविको शि.स., डीनको कार्यालयले नियमित रूपमा विज्ञ समीक्षित त्रैमासिक पत्रिका प्रकाशन गर्ने गरेको छ भनी आचार्य (सन् २०२०) ले बताएकी छन् । यसबाट पेसागत उन्नयन गर्न चाहने शिक्षकहरूलाई आफ्ना अनुसन्धानमूलक लेख/रचना प्रकाशित गराउने प्राज्ञिक मञ्च उपलब्ध हुन्छ तर उक्त पत्रिका नियमित नभएको पाइयो । यस्ता अनुसन्धानमूलक पत्रिका नियमित रूपमा प्रकाशन हुने हो भने धेरै शिक्षकहरूले आफ्ना अनुसन्धानमूलक लेख प्रकाशन मार्फत शिक्षकको पेसागत विकासलाई गति प्रदान गर्न सक्छन् । यसैगरी त्रिविको शि.स.अन्तर्गतका विभिन्न क्याम्पहरू तथा त्यहाँका विभागको तर्फबाट पनि अनुसन्धानमूलक लेख प्रकाशन गरी शिक्षकको पेसागत विकासलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । अनुसन्धानमूलक लेख/रचना प्रकाशन गर्ने कार्यलाई अझ प्रभावकारी बनाउन शिक्षाशास्त्र सङ्काय चलेका क्याम्पसहरूमा रहेका अनुसन्धान समितिहरूको क्षमता र दायरा बढाउने र भइरहेका कार्यलाई निरन्तरता दिने जस्ता सकारात्मक कार्यले शिक्षण सिकाइका क्षेत्रमा देखिने नयाँ-नयाँ समस्याहरूको उचित तरिकाले समाधान गर्न सहयोग पुग्न सक्छ ।

यस सङ्कायले राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थासँग साझेदारी गर्दै शैक्षिक अनुसन्धान र आविष्कारलाई विकास र प्रसार गर्ने लक्ष्य लिएको छ (आचार्य, सन् २०२०) । नयाँ-नयाँ क्षेत्र तथा स्थानीय ज्ञानलाई खोज अनुसन्धानका क्षेत्रमा उपयोग गरी खोज अनुसन्धानलाई प्रभावकारी बनाउन विभिन्न विषय समितिको तर्फबाट गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमको सञ्चालन गर्ने कार्यहरू पनि भइरहेका छन् । तर स्थानीय ज्ञानलाई भाषिक अनुसन्धानहरूमा कसरी जोड्ने भन्ने कुरामा नेपाली विषयको शिक्षा समितिले आधिकारिक जानकारी दिएको अवस्था छैन । धेरै क्याम्पसहरू, विशेषगरी, सम्बन्धन प्राप्त क्याम्पसबाट विद्यार्थी तथा शिक्षकले लेखकसँग प्रयोगात्मक परीक्षाका प्रतिवेदन, शोध प्रस्ताव, शोध प्रतिवेदन लेखन; एपिए ढाँचा आदिका बारेमा 'हामीलाई प्रस्ट जानकारी नै छैन', 'थाहा नै छैन', 'कसरी गर्ने' भन्ने प्रतिक्रिया आएका हुनाले उनीहरू अन्यौलमा रहेको देखिन्छ ।

## निष्कर्ष

त्रिविको शि.स.ले प्राथमिक तहदेखि उच्च शिक्षासम्मका शिक्षक, शिक्षक प्रशिक्षकहरू, विशेषज्ञहरू, शिक्षा प्रशासकहरू ठूलो सङ्ख्यामा उपलब्ध गराउँदै आएको छ। विभिन्न शैक्षिक कार्यक्रमको माध्यमबाट शिक्षणलाई प्रभावकारी बनाउन प्रयोगात्मक कक्षा सञ्चालन गर्ने, नयाँ-नयाँ विधि र शैलीबाट अध्ययन अध्यापनलाई उपलब्धिमूलक बनाउने तथा अनुसन्धानमूलक कार्यक्रमहरू गराएर शिक्षकको पेसागत विकासमा टेवा पुर्याउने लक्ष्य लिएको छ । सत्रान्त वा सेमेस्टरको अन्त्यमा स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीहरूलाई अभ्यास शिक्षण गराउने र स्नातकोत्तर तहका विद्यार्थीहरूलाई शोध कार्य गराएर दक्ष शिक्षक तयार गर्ने कार्य यस सङ्कायले गर्दछ तर समय-समयमा कार्यक्रमहरू निर्दिष्ट उद्देश्य अनुरूप सञ्चालन भए-नभएको जानकारी लिन आवश्यक मात्रामा अनुगमन गर्ने तथा शिक्षणको प्रभावकारिता परीक्षण गर्ने प्रणाली नहुनु यस सङ्कायका कमजोर पक्ष मानिन्छन् । फलस्वरूप हाम्रा उत्पादनहरूको गुणस्तरमा प्रश्न उठ्ने गरेका छन् । यसको उदाहरणको रूपमा त्रिविको वार्षिक तथा सेमेस्टर प्रणालीका परीक्षामा समेत देखिएको विद्यार्थीको कमजोर सिकाइ उपलब्धिका साथै शिक्षकको अध्यापन अनुमति पत्रको नतिजा, शिक्षकसेवा आयोगको नतिजा तथा गत वर्ष दिइएको उप-प्राध्यापक पदको नतिजालाई लिन सकिन्छ ।

त्रिविको शि.स.अन्तर्गत चलेका विभिन्न शैक्षिक कार्यक्रम, अनुसन्धानसँग सम्बन्धित शोधकार्य, लघु र बृहत् स्तरका अनुसन्धानहरू, विभिन्न अनुसन्धानमूलक लेख/रचना प्रकाशन आदि कार्यले शिक्षकको पेसागत विकासमा सहयोग

पुर्याएका छन् । अनुसन्धान तथा लेख रचना प्रकाशन गर्ने कार्यलाई नियमित र व्यवस्थित बनाउनाले अनुसन्धानको प्रभावकारिता बढाउँछ । कुन विषयमा कति जनशक्तिको आवश्यकता छ र कतिवटा क्याम्पस मार्फत उक्त जनशक्ति उत्पादन गर्ने भन्ने कुराको निश्चित योजना र मापदण्ड बनाई शैक्षिक कार्यक्रम सञ्चालन गर्ने, निश्चित आधार निर्धारण गरी विद्यार्थी भर्ना गर्ने, कक्षा शिक्षणका साथै शोध तथा अनुसन्धान कार्यलाई व्यवस्थित गर्ने र अभ्यास शिक्षण कार्यलाई पनि त्यसको मर्म अनुरूप नै सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । यस सङ्काय अन्तर्गतका शैक्षिक कार्यक्रम तथा पाठ्यक्रममा उल्लेख भएका कुराहरूलाई शिक्षक, विद्यार्थी तथा सम्बन्धित निकायले आ-आफनो जिम्मेवारी बहन गरी तदनुकूल भूमिका निर्वाह गर्नु आवश्यक छ ।

## सन्दर्भसामग्री

अधिकारी, बालकृष्ण (सन् २०२१), शिक्षाशास्त्र सङ्कायतर्फ सेमेस्टर प्रणाली न्यून नतिजा: समस्या एक कारण अनेक, *Interdisciplinary research in education*, 6 (1), 136–152. doi

https://doi.org/10.3126/ire.v6i1.43432

अधिकारी, विष्णुप्रसाद र पौडेल, आनन्द (२०६७), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* आषिश बुक्स हाउस प्रा. लि. ।

कुँवर, लक्ष्मणसिंह (२०७६, मङ्सिर ८), विश्वविद्यालय नेतृत्वका चुनौती, *गोरखापत्र अनलाइन,* साभार https://gorkhapatraonline.com/opinion/2019-11-24-4613

क्षेत्री, रोशन (२०७७, जेठ २९), सिकाइ उपलब्धि ओरालोलाग्दो, *एजुकेशन पाटी,* साभार https://educationpati.com/educationnews221109/

खनाल राजेन्द्र (सन् २०१९), सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कनप्रति विद्यार्थी दृष्टिकोण, *Education quarterly*. 3(1), 143-156.

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषा शिक्षण: सिद्धान्त र प्रयोग,* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि.।

ढकाल, महानन्द (२०७६), सिकाइ उपलब्धि र सामुदायिक विद्यालय, *खबर एजुकेशन शिक्षाका लागि सञ्चार,* साभार https://khabareducation.com/251/

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* शुभकामना प्रकाशन प्रा.लि.।

तिवारी, रामकृष्ण (२०७८) त्रिभूवन विश्वविद्यालयका चुनौती र समाधानका उपाय, त्रिभूवन विश्वविद्यालय ६२ औ वार्षिक दिवस विशेषाङ्क-२०७८, ६२-७० ।

त्रि. वि. शिक्षाशास्त्र सङ्काय (२०७६), *शिक्षण अभ्यास पाठ्यांश निर्देशिका* (चार वर्ष बी. एड्.) ।

त्रि. वि. सेवा आयोग (२०७७, कार्तिक २६), *उप-प्राध्यापक पदको लिखित नतिजा प्रकाशन सम्बन्धी सूचना,* त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालय ।

न्यौपाने, भागीरथा (२०७९), *नेपाली भाषाशिक्षणप्रति विद्यार्थीको दृष्टिकोण,* लघुअनुसन्धान प्रतिवेदन, विश्वविद्यालय अनुसन्धान आयोग ।

रौनियार, रूबी (२०७८, भाद्र ५), सिकाइ उपलब्धि ५० प्रतिशत पनि पुगेन, *नागरिक दैनिक,* साभार https://nagariknews.nagariknetwork.com/education/604321-1629512461.html

Acharya, K. (2020). Faculty of Education. *TU Today*, 26-28. Tribhuvan University.

Adhikari, P. (2022). A teacher´s auto ethnography on the effectiveness of the semester system on Master´s degree, *TU Annual Publication,* 184-202.

Baral, R. K. (2021). Problems and challenges in higher education reforms in Nepal, *TU Bulletin Special Issue-2021*,134-152.

Bista, M. (2002*). A Situation analysis of the faculty of education*. Faculty of Education, Tribhuvan University.

Gautam, G.R. (2001). Practice teaching: a learning experience or a meaningless ritual? *Teacher Journal*, 7 (1&2).

Tribhuvan University Faculty of Education (2022). *About FOE: Introduction*. Retrieved from https://tufoe.edu.np/index.php/about-foe/introduction